bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

**विशेषज्ञ चिकित्सकहरूबाट स्वास्थ्य परीक्षण सम्बन्धी सूचना**

१) **डा. जय बहादुर खत्री** : (नशा, मानसिक, छारेरोग तथा लागु औषध विशेषज्ञ (हरेक महिनाको दोस्रो शनिबार)
२) **डा. भोजराज अधिकारी** : (हाड जोर्नी, नशा रोग विशेषज्ञ (हरेक महिनाको दोस्रो र चौथो शनिबार)
३) **डा. हेमन्त मानन्धर** : (हाड जोर्नी तथा नशा रोग विशेषज्ञ : हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
४) **डा. अजय कुमार** : (छाला, यौन रोग तथा कुष्टरोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
५) **डा. दिपक राज काफ्ले** : (प्रसुति तथा स्त्रीरोग विशेषज्ञ (हरेक महिनाको पहिलो, दोस्रो र तेस्रो शनिबार)
६) **डा. सुरज बराल** : (पेट, छाती तथा मुटु रोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
७) **डा. नारायण ओझा** (TU, DGO (NAMS) : (हरेक महिनाको चौथो शनिबार र दोस्रो बुधबार)
८) **डा. बसन्तजंग दाहाल** : (हरेक दिन)
९) **डा. कृष्णचन्द्र रिजाल** : नाक, कान, घाँटी रोग विशेषज्ञ (हरेक महिनाको तेस्रो शनिबार)
१०) **भविष्ठ श्रेष्ठ** : (नवजात शिशु तथा बाल रोग विशेषज्ञ (हरेक बुधबार र पहिलो, दोस्रो, चौथो शनिबार)

हरेक शनिबार आँखा साथै हरेका दिन दाँत जाँच गरिन्छ

**हाम्रा सेवाहरू** : दैनिक बिरामी परिक्षण, ल्याव परिक्षण, एक्स-रे, इसी.जी. प्लास्टर, माइनर अप्रेशन, हरेक शनिबार रेडियोजोजिस्टद्वारा भिडियो एक्सरे साथै अनभवि स्वास्थ्यकर्मीबाट स्वास्थ्य परिक्षण ।

MOT I HEALTH CLINIC

Dumre Bazar, Tanahun. Ph. 065-580170, 580287

वर्ष ४१ अंक २०० | २०७८ मंसिर १३ गते सोमबार, नेपाल सम्वत् ११४२ November 29, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**राजमार्ग सडक विस्तार** : पृथ्वीराजमार्ग विस्तार कार्यक्रम अन्तरगत तनहुँको आँवुखैरेनी–जामुन खण्ड विस्तारका लागि सडक चौडा गर्ने काम गरिदै । विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको छ । ८० किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरी पहिलो चरणमा आँबुखैरेनी–जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले सडक विस्तारको काम सुरू गरेको छ । जामुने–पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# कांग्रेस तनहुँको अधिवेशन : जितप्रकाश आले निर्वाचित

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाली कांग्रेस तनहुँको जिल्ला सभापतिमा जितप्रकाश आले बिजयी भएका छन् । १ हजार ७८२ कुल मत खसेकोमा आलेले ९५१ मत प्राप्त गरी विजयी भएका छन् । उनका प्रतिस्पर्धी निवर्तमान सभापति एवं व्यास नगरपालिकाका नगरप्रमुख वैकुण्ठ न्यौपानेले ७८३ मत प्राप्त गरेका छन् । आलेले न्यौपानेलाई चर्चा चलेको छ ।

जिल्ला नेतृत्व चयनका लागि शनिबार भएको मतदान आइतबार बिहान १० बजेटबाट गणना गरिएको थियो। मतगणना पश्चात सार्वजनिक मत मरिणाम अनुसार जिल्ला उपसभापतिमा राजेन्द्रकृष्ण श्रेष्ठले ९०७ मत र देवकुमार श्रेष्ठ ८७६ प्राप्त गरी बिजयी भएका छन् । उनिहरूका प्रतिष्पर्धी उदयराज गौलीले ७२१ र किसान गुरूङले




१६८ मतान्तरले पराजित गरेका हुन्। पार्टी सभापति शेरबहादुर देउवा निकट मानिएका केन्द्रीय सदस्यहरू शंकर भण्डारी, गोविन्द भट्टराई र आमन्त्रित केन्द्रीय सदस्य ध्रुव वाग्लेको समर्थनमा प्यानल सहित चुनावी प्रतिस्पर्धामा उत्रिएका आलेको प्यानलबाट सह–सचिवमा एक जना बाहेक सबै विजयी भएका छन् ।

यस्तै, वरिष्ठ नेता रामचन्द्र पौडेल र केन्द्रीय सदस्य प्रदीप पौडेल निकट समुहबाट न्यौपानेको प्यानले चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । न्यौपानेको प्यानलबाट सहसचिवमा मिलन आले निर्वाचित भएका छन् । वडा, पालिका, प्रदेश, प्रतिनिधिसभा क्षेत्र र जिल्ला अधिवेशनसम्म दुई समुहबीच भएको प्रतिस्पर्धामा उम्मेदवारहरूले प्राप्त गरेको मतपरिणामलाई विश्लेषण गर्दा गृहजिल्लामा वरिष्ठ नेता रामचन्द्र पौडेल कम्जारे बनेको ८६६ मत प्राप्त गरेका छन्। सचिवमा लक्ष्मीभक्त खनालले १०२० र सहदेव अधिकारी ८१२ मत प्राप्त गरी विजयी भएका छन्। प्रतिस्पर्धी केशबहादुर सुनारले ७२७ र मोहन गिरिले ८०७ मत पाएका छन् । सचिव खनालले सबै भन्दा बढी मत प्राप्त गरेका छन् ।

यस्तै, सहसचिवमा मिलन आलेले ९२० मत र परमेश्वर भट्टराईले ८५९ मत प्राप्त गरी विजयी भएका छन् भने प्रतिस्पर्धी हुतमणि अधिकारीले ७७६ मत र धिरेस खनालले ७७४ मत प्राप्त गरेको निर्वाचन अधिकृत फणिन्द्र कोइरालले जानकारी गराएका छन्।

जिल्ला अधिवेशनमा १ हजार ८१६ प्रतिनिधि मध्ये १ हजार ७८३ मत खसेको थियो । तनहुँ क्षेत्र नं. १ बाट ९२५ मत र क्षेत्र नं. २ बाट ८५८ मत खसेको निर्वाचन समितिले जनाएको छ ।

# तनहुँमा चितुवा आतंक हटेन

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा मानव र वन्यजन्तु बिचको द्वन्द्व हट्न सकेको छैन । करिव चार वर्ष अगाडिदेखि देखिएको यो समस्या हट्न नसक्दा सर्वसाधारणले त्रासपूर्ण वातावरणमा बस्नुपरेको छ । जंगली जनावर चितुवा मानवबस्तिमा आई बालबालिकालाई आक्रमण गरी ज्यानै लिन थालेपछि रोकथामका लागि विभिन्न उपायहरू अप्नाईए पनि अझै द्वन्द्व न्युनिकरण हुन सकेको छैन । २०७४ फागुन १ गते जिल्लाको भानु नगरपालिका–३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठलाई चितुवाले आक्रमण गरी ज्यान लिएको थियो । यससंगै चितुवाको आतंक सुरू भएको तनहुँमा करिव ४ वर्षको अवधिमा ११ जना बालबालिकाले चितुवाकै आक्रमणमा परी ज्यान गुमाएका छन् भने दर्जनौं बालबालिका घाइते भएका छन् । भानु नगरपालिकाबाट सुरू भएको चितुवा आतंक जिल्लाका अन्य पालिकाहरू आँबुखैरेनी, बन्दिपुर गाउँपालिका, व्यास, शुक्लागण्डकी नगरपालिकामा पनि बढ्यो । पछिल्लो समय बन्दिपुर गाउँपालिकाको वडा नम्बर १ र ५ क्षेत्रमा चितुवा यत्रतत्र देखिदा जनजीवन त्रसित बन्दै गएको छ । गत असोज २५ गते साँझको समयमा चितुवाको आक्रमणबाट बन्दिपुर–५ बाहुनभञ्ज्याङकी ९ वर्षीया स्वीकृति थापामगरले ज्यान गुमाउनु पर्‍यो ।

यो घटनासंगै पुनः जिल्लामा चितुवा आतंक फैलने हो कि? भन्ने त्रास बढ्दो छ । मानवबस्तिमै आएर बालबालिकमाथी आक्रमण गर्न थालेपछि स्थानीयहरू त्रासित बनेका छन् । बिहान बेलुका घर बाहिर निस्कन समेत डरलग्ने स्थानीय लक्ष्मि गुरूङले बताइन् । 'काम नै विहान बेलुका हुन्छ, घरमै बसिरहन पनि नमिल्ने', उनले भनिन्, 'बालबालिका मात्र नभई मलाई पनि एक्लै हिड्न डर लाग्छ ।' दिनचर्या डराएरै गुजार्नुपरेको उनी बताउँछिन् । उनले भनिन्, 'दिउँसै सडकमै बच्चासहित चितुवा देखा पर्छन्। नजिकैको पसल एक्लै जानपनि डर लाग्छ ।'



यस्तै, अवस्था सामान्य रहेतापनि चितुवाको त्रास कायमै रहेको भानु नगरपालिका–२ की सिता अधिकारी बताउँछिन् । उनले भनिन्, 'चितुवाको कारण भानुले धेरै धनजनको क्षति व्यहोर्नु परेको छ । अहिले हामी सचेत भएका छौं र अझै पनि साँझ विहान एक्लै घरबहिरा निस्कदैनौं ।' नगरपालिका र डिभिजन वन कार्यालयद्वारा अप्नाउन लगाइएका सावधानीका उपायहरूको पालना गर्दै आएको उनी बताउँछिन् । 'करिव २ वर्ष जति भयो हाम्रो भानुमा चितुवाको आतंकबाट कुनै मानवीय क्षति भएको छैनन', उनले भनिन्, 'छिमेकी पालिकामा चितुवाले बालबालिकाको ज्यान लियो भन्ने समाचार सुन्दा अझै हामीपनि ढुक्क भएर बस्न सकेका छैनौं ।'

करिव ४ वर्षको अवधिमा चितुवाको आक्रमणबाट जिल्लाको भानुमा ६, शुक्लागण्डकी नगरपालिकामा २, बन्दिपुरमा २ र आँबुखैरेनी गाउँपालिकामा १ गरी ११ जना बालबालिकाको ज्यान गएको छ। यो समय बच्चा जन्माएर चितुवा आहारा खोज्न हिड्ने समय भएकाले सबैलाई सचेत रहन डिभिजन वन कार्यालयका वन अधिकृत कोमलराज काफ्लेले बताए। उनले भने, 'वन्यजन्तुका आहारा सबै मानवीय गतिविधिका कारण नाश भएका छन्, त्यसैले उनीहरू मानव बस्तिमा आई आहारा खोज्ने क्रम बढेको छ र यही क्रममा आफुभन्दा साना प्राणी (बालबालिका) माथि आक्रमण गरेको अध्ययनले देखाएको छ ।'

पछिल्लो समय बन्दिपुरको वडा नम्बर १ र ५ का क्षेत्रमा चितुवा देखा परेको सव–डिभिजन वन कार्यालय बन्दिपुरका प्रमुख

*बाँकी अन्तिम पेजमा*

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**

सम्पर्क : ०६५-५६३९०७

E-mail : bhanjyangdml@gmail.com,

www.bhanjyangnews.com

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित

भञ्ज्याङ राष्ट्रिय दैनिक

तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा

ANDROID APP ON Google play

Bhanjyangnews

Bhanjyang Daily @bhanjyangdaily News/Media Website

Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily

www.bhanjyangnews.com

YouTube Bhanjyang Daily

Contact : 065-563907

E-mail : bhanjyangdml@gmail.com

## सम्पादकीय

# उपभोक्ता समिति र विकास निर्माण

ग्रामीण बस्तिमा अहिले युवा जनशक्तिको अभाव छ । युवा जनशक्ति अभावका कारण ग्रामीण क्षेत्रमा विकास निर्माणका कामले समेत गति लिन सकेको अवस्था छैन । विशेषता गाउँ–नगर क्षेत्रका विकास निर्माणका कार्य संचालन, मर्मत तथा संचालनको लागि उपभोक्ता समितिहरू बनाइन्छ । उपभोक्ता समितिमा लाभग्राही स्थानीयकै सहभागिता रहनुपर्छ । आचारण शुद्ध भएको, फौजदारी मुद्दामा नपरेका र आर्थिक हिनामिनाको आरोप नखेपेका व्यक्तिलाई उपभोक्ता समितिमा राख्ने प्रावधान रहेको छ । लाभग्राही नै उपभोक्ता समितिमा रहँदा गुणस्तरीय काम हुने विश्वास गरिन्छ र हुन्छ पनि । एक करोड कुल लागत भएका परियोजनाहरू उपभोक्ता समितिमार्फत् संचालन गर्न सकिन्छ । उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत् सार्वजनिक कार्य गराउने कार्यविधि २०७८ ले उपभोक्ता समितिमार्फत् हुने निर्माण कार्यमा ३० प्रतिशत श्रममूलक कार्य हुनुपर्ने व्यवस्था गरेको छ तर कामको प्रकृति हेरेर यसका सिमाहरू फरक राखिएको छ । तर, पछिल्लो समय गाउँमा स्थानीय सरकारले गर्ने विकास निर्माणको काममा उपभोक्ताको लागत सहभागिता जुटाउने सकस पर्ने गरेको छ । विकासे परियोजनामा उपभोक्ताको प्रत्यक्ष संलग्नता रहने, सामाजिक प्रतिष्ठा हाँसिल हुने एवं आर्थिक लाभसमेत लिन सकिने उपभोक्ता समितिमा बस्न तँछाडमछाड हुन्छ ।

उपभोक्ता समिति गठनमा राजनीतिक रूपले नै प्रतिष्पर्धा गर्ने दृष्टान्त यदाकदा देख्न र सुन्न पनि पाइन्छ । त्यतिमात्रै नभएर, निर्माण समितिमा बस्नेहरूले आर्थिक अनियमितता गरेको विषय पनि सार्वजनिक हुन्छन् । यस्ता समितिहरू राजनीतिक दलका कार्यकर्ता र समाजसेवी कहलिनेहरूको लागि आकर्षक मानिँदै आएको छ । कानूनी छिद्र छलेर ठूला परियोजनाहरूलाई टुक्रा–टुक्रामा बाँडेर उपभोक्ता समितिलाई जिम्मा लगाउनु र आफ्ना कार्यकर्तामार्फत् काम सम्पन्न गर्नु नेपालको सन्दर्भमा रोगकै रूपमा देखा पर्ने पनि गरेको छ। उपभोक्ता समितिमार्फत् कालोपत्रे गर्न नपाइने प्रावधानलाई समेत कुल्चिने काम भएको छ । तनहुँका केही पालिकामा उपभोक्ता समिति मार्फत नै सडक कालोपत्रे तथा नियम विपरितका काम भएको पनि भेटिएको छ । उपभोक्ता समितिहरूमा धेरै मान्छेको चासो हुन्छ । तर, ग्रामीण क्षेत्रमा भने यसको चासो र सरोकार खासै भएको देखिन्छ । उपभोक्ता समितिमार्फत् गरिएको कामको सबै भुक्तानी नभएपछि समिति ऋणमा डुब्ने पनि गरेका छन् । उपभोक्ता समितिमा बसेर गर्नुपर्ने दौडधूप तथा लागतले पनि ग्रामीण क्षेत्रमा समिति बस्न कोही इच्छुक भएको पनि देखिदैन ।

विशेषता ग्रामीण क्षेत्रमा युवा जनशक्ति नहुँदा यस तर्फ गाउँमा बस्दै आएको उमेर डाँडो काटेका र शिक्षित जनशक्ति अभावले नेतृत्व पाउन मात्र होइन काम के कसरी भइरहेको छ भन्ने जानकारी लिने समेत कोही भेटिदैनन् । एउटा उपभोक्ता समितिमा बसेको व्यक्ति अर्को समितिमा बस्न नपाउने प्रावधानले पनि जानेबुझ्केकाहरूलाई विभिन्न समितिमा जानबाट रोकोनि पर्दछ। झण्झटिलो फरफारक प्रक्रिया र योजनामा अन्य कुनै खर्च समावेश गर्न नपाइने भएकाले उपभोक्ता समितिप्रति आममान्छेको चासो कम देखिन्छ । यो समस्या समाधानको लागि उपभोक्ता समिति गठन र कठोर प्रावधानहरू संशोधन हुनुपर्ने जनप्रतिधिहरूले आवाज उठाउँदै आएका छन् । विकास निर्माणमा स्थानीयको सहभागिता हुनैपर्छ । तर, स्थानीयको सहभागिता व्यक्तिगत लाभ केन्द्रीत हुनुहुँदैन । उपभोक्ता समितिहरूबाट बदमासी भएकैले गठन र संचालनलाई कठोर बनाइएको हो । यो कुरा जनप्रतिनिधिहरूले बुझ्केका पनि छन् । उपभोक्ता समितिमा बस्ने मान्छे नै नपाइने समस्या सल्ट्याउने तथा उपभोक्ता समितिमार्फत् हुने अनियमितता रोक्ने गरी मध्यमार्गी बाटो खोज्नेतर्फ सरोकारवाला निकायहरूको ध्यान जानैपर्छ । यस्तै, ग्रामीण क्षेत्रमा युवा जनशक्ति नहुँदा उपभोक्ता समितिको नेतृत्व गर्ने मात्र होइन् गाउँघरको विकास निर्माणमा समेत अवरोध सृजना हुने गरेको छ । यस तर्फ पनि सरोकारवाला निकायले ध्यान दिन सके ग्रामीण क्षेत्रका सडक, खानेपानी, स्वास्थ्य, शिक्षा लगायतका आधारभूति आवश्यकाता परिपूर्तिमा सहज हुने देखिन्छ ।

# कांग्रेसको अबको बाटो- रूपान्तरणका दस सूत्र

अहिले नेपाली कांग्रेस १४ औं महाधिवेशनको प्रक्रियामा जुटेको छ। सैद्धान्तिकरूपमा महाधिवेशनको अर्थ नबुझ्ने त कोही नहोला तर यक्ष प्रश्न हामीले महाधिवेशन मार्फत् पार्टीले अवलम्बन गरेका सिद्धान्त, त्यस सिद्धान्तअनुरूप नीति तथा नेतृत्व र नीतिअनुरूपका कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने सुनिश्चितता दिन सक्यौं की सकेनौ भन्ने हो । कानूनी औपचारिकताको निमित्त गरिने महाधिवेशनले पार्टीको ऐतिहासिक जिम्मेवारी पूरा गर्ने प्रणालीको विकास गर्न सक्तैन । त्यसैले महाधिवेशनको सन्दर्भमा लोकतन्त्रप्रति आस्थावान नेपाली कांग्रेसका कार्यकर्ताहरूले नेपाली कांग्रेसको सिद्धान्त के हो, यी सिद्धान्तहरूलाई लागू गर्न कस्तो नेतृत्व चाहिन्छ, विगतका नेतृत्वमा के कस्ता कमजोरी र सबल पक्षहरु रहे भन्नेमा विवेचना गर्नु आवश्यक छ । नेपाली कांग्रेसको अहिलेको अवस्था कस्तो छ र यो अवस्थाको निमित्त को कति जिम्मेवार छ भन्नेजस्ता सैद्धान्तिक र व्यवहारिक पक्षमा पनि गहन विचार गर्नुपर्छ ।

**के छ नेपाली कांग्रेसको अवस्था ?**

नेपालमा लोकतन्त्रको स्थापना र रक्षाको निमित्त नेपाली कांग्रेसले सधै अग्रमोर्चामा रहेर काम गरेको छ । नेपाली कांग्रेस नेपालमा लोकतान्त्रिक पद्दतिको मापदण्ड बनेको छ । नेपाली कांग्रेसका क्रियाकलाप र गतिविधिहरु अन्य पार्टीहरूको निमित्त उदाहरण र नजिर बन्ने गरेका छन् । तर, कांग्रेसको आफ्नै अवस्था भने लोकतन्त्रको आदर्श अनुरूप हुन नसकेको देखिएको छ । निरंकुश जहानियाँ शासनविरूद्ध २००७ सालमा क्रान्ति गर्ने पार्टी, तानाशाही पञ्चायतविरूद्ध निरन्तर ३० वर्ष लडेको पार्टी, लोकतन्त्रको पुनःस्थापनाको निमित्त २०४६ र २०६२/६३ को जनआन्दोलको नेतृत्व गरेको पार्टी, नेपालको नयाँ संविधान जारी गर्न अगुवाइ गर्ने कांग्रेस पार्टी, अहिले यसमा आन्तरिक लोकतन्त्रको अभाव खड्किदै छ ।

संसदीय निर्वाचनमा कम्यूनिष्टहरूसँग हार व्यहोर्नु परेको छ। अहिले विशेष परिस्थितिमा सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भएता पनि नेपाली कांग्रेसका आदर्श, मूल्य र मान्यता अनुरूप हामीले सरकारमा उपस्थिति जनाउन सकेका छैनौं। कम्युनिष्टहरूको फूटलाई नै अवसरको रूपमा हेर्नु पर्ने अवस्था कांग्रेसको निमित्त गर्वको कुरा कदापि होइन । लोकतन्त्रप्रति प्रतिबद्ध भएका कारण कांग्रेस पार्टी विधि र विधानअनुरूप चलोस् र अन्य पार्टीहरूलाई पनि मार्ग निर्देशन गरोस् भन्ने जनअपेक्षा छ । तर, वर्तमान पार्टी नेतृत्वले पटकपटक विधान मिचेर, यसका व्यवस्थाहरूको ठाडो उल्लंघन गरेर त्यो जनअपेक्षामाथि कुठाराघात गरेको छ । महाधिवेशनभन्दा एक वर्षअघि वितरण गरिसक्नु पर्ने क्रियाशील सदस्यता महाधिवेशन ढोकैमा आइसक्दा पनि विवादित छ ।

भ्रातृसंस्था भताभुङ्ग छन्, विभाग र प्रतिष्ठानमा मनपरितन्त्र छ । महाधिवेशन सम्पन्न भएको ६ महिनामा पूर्णता दिनुपर्ने विभागहरूलाई विधान नाघेर गठन गरिएको छ । स्वयं सभापतिजीको जिल्लाका पार्टी सभापतिसहित सिंगो जिल्ला समितिबाहिर राखेर वडा अधिवेशनको नाटक मञ्चन भएको छ । पार्टी प्रवेशका नाममा अन्धाधुन्ध आफ्ना नातागोता भरेर निष्ठावान कार्यकर्ताहरूलाई पाखा लगाइएको छ। नीतिनियम र विधानविपरीत हजारौं चिठी काटिएका छन्।

**राजनीतिप्रति वितृष्णालाई कसरी हटाउने?**

देशको राजनीति विषम मोडमा छ । विगत तीन चौथाई शताब्दीदेखि लोकतन्त्रको निमित्त गरिएका संघर्षले आशातित परिणाम दिन सकेका छैनन् । आम मानिसमा राजनीतिप्रति वितृष्णा पैदा भएको स्थिति छ। युवाहरु राजनीतिबाट क्रमशः पलायन हुँदै गएको पाईन्छ। आमनागरिकमा राजनीति, राजनीतिक दल र नेतृत्व वर्गप्रति सद्भाव र सम्मानको भाव घट्दै गएको छ। राजनीतिप्रतिको यो वितृष्णा पैदा हुनुको कारणमा नेतृत्व सम्हालेका व्यक्तिको आचरण, व्यवहार र चरित्र जिम्मेवार छन् । विगत ७५ वर्षदेखि आम नागरिक लोकतन्त्रको स्थापनार्थ र रक्षार्थ लगातार सडकमा उत्रनु परिराखेको छ । तर, लोकतन्त्र केही सीमित स्वार्थी तत्वहरूको हतियार भएको छ । लोकतन्त्रलाई चुनावमा सीमित गर्न खोजिएको छ र त्यही चुनाव पनि ईमान्दारीपूर्वक हुन सकेको छैन। पार्टीको होस् वा राजनीतिको होस्, पैसाको खोलो बगाएर चुनाव जित्ने प्रवृत्तिबाट जनता दिक्क छन् । आवधिक निर्वाचनले मात्र लोकतन्त्रको ग्यारेन्टी गर्दैन, यो त एउटा संस्कार हो ।




व्यक्ति–व्यक्तिमा लोकतान्त्रिक आचरण, हरेक संस्थाहरूमा लोकतान्त्रिक व्यवहार र हरेक पार्टीमा लोकतान्त्रिक संस्कारले मात्र लोकतन्त्र मौलाउँछ । लोकतन्त्रको जग मजबुत हुन्छ । आवधिक निर्वाचनका साथ साथै संस्थाहरु पारदर्शी, जिम्मेवार र जवाफदेही भएमात्र लोकतन्त्र मजबुत हुनसक्छ । यसका लागि पार्टीभित्र आन्तरिक लोकतन्त्र पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अन्ततः देशमा लोकतन्त्रको विकास गर्ने जिम्मेवारी पार्टीहरूको हो। त्यसैले पार्टीभित्रको आन्तरिक लोकतन्त्रविना देशमा लोकतन्त्रको संस्थागत विकास हुन सम्भव छैन । आफैंले निर्धारण गरेको संगठनको ढाँचाअनुसार, आफैंले बनाएको विधानअनुसार पार्टी चल्न सक्ने कि नसक्ने? आज बुद्धिजीवीहरूले प्रश्न उठाइरहेका छन् ।

पार्टीभित्रको आन्तरिक लोकतन्त्रको प्रश्न बारबार कांग्रेसमाथि उठिरहेको छ । नेता बलिया, पार्टी कमजोर । अर्थात् कमजोर पार्टीको बलियो नेता लोकतन्त्रका लागि हितकर मानिँदैन । कुनै पनि लोकतान्त्रिक दलमा नेता होइन नीति अपरिहार्य हुनु पर्दछ। विधि, पद्दति र नियम अपरिहार्य हुनु पर्दछ । यसो भएमात्रै पार्टीमा आन्तरिक लोकतन्त्र सुनिश्चित हुन्छ । नेताको अनुकूलमा विधि–पद्दति चल्ने हैन, विधि–पद्दति अनुकूल नेता चल्नु पर्दछ । चाहे पार्टी सञ्चालन होस् या राज्य, व्यक्ति होइन, विचार र विधिप्रधान हुनुपर्छ । हामी लोकतन्त्रको संस्थागत विकास गर्नेक्रममा छौं । यस्ता कुरातर्फ गम्भीर नहुने हो र आफ्ना सुविधा अनुकूल विधि–पद्दति सञ्चालन गर्ने हो भने यहाँ लोकतान्त्रिक व्यवस्थाको निर्माण हुनै सक्दैन ।

अहिले नेपालमा जवाफदेहिताको अभाव खड्कीँदै गएको छ । जनताप्रति उत्तरदायीत्वको भावनाको परित्याग भइरहेको छ । जनताले दिएको जिम्मेवारी भुलेर जनप्रतिनिधिले सदनको उपेक्षा गर्ने, संविधानले नदिएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा नै विघटन गरिदिने र समस्याको समाधान खोज्न राजनीतिक मञ्चभन्दा बाहिर अदालतको शरणमा पुग्नुपर्ने जस्ता अवस्थाहरूको सिर्जना भइरहेका छन् । यसरी राजनीतिक क्षेत्र पङ्गु बन्दै जान थालेपछि, राजनीतिक संस्थाहरूमा भर पर्न नसकिने भएपछि समाधानको खोजीमा कहाँ कहाँ पुग्नुपर्ने हो, अराजकता बढ्दै जाँदा राजनीति कसको हातमा पुग्ने हो रू गम्भीर प्रश्न उठिरहेका छन् ।

आज कांग्रेसलाई आफ्ना नेताहरूका आचरण र व्यवहारमाथि निगरानी राखेर प्रश्न उठाउन सक्ने सक्षम र निडर कार्यकर्ताको आवश्यकता छ। नेताको भक्तिमा लिप्त नभइकन, मुलाहिजामा नलागिकन निर्णय दिने र प्रश्न उठाउने आँट कार्यकर्तामा हुनु पर्दछ । महाधिवेशनले कसलाई कुन पदमा चयन गर्छ भन्ने मात्र प्रश्न होइन, यो भन्दा अहं प्रश्न यसले कुन दिशामा पार्टीलाई लैजान्छ भन्ने हो । कुन विचार र पद्दति स्थापित गर्छ भन्ने मुख्य चासो हो । नेपालमा लोकतन्त्र सुरक्षित र दीगो बनाउन नेपाली समाजमा लोकतन्त्रको जरा गहिरो गरी गाड्ने अभियानस्वरुप नेपाली समाजलाई लोकतान्त्रीकरण र लोकतान्त्रिक व्यवहार र आचरणमा अभ्यस्त गराउने अभियान नै चलाउनु अपिहार्य छ । यो अभियान अरू कसैले चलाउँन सक्तैन, लोकतन्त्रकै लागि जन्मेको र लोकतन्त्रको पहरेदार रहँदै आएको नेपाली कांग्रेसले नै चलाउनु पर्नेछ । नेपाली समाजमा लोकतान्त्रीकरणको अभियान चलाउने अभिभारा बोक्नुपर्ने पार्टी नेपाली कांग्रेस पहिले आफैं आचरण, व्यवहार र अठोटबाट लोकतान्त्रिक हुनु जरूरी छ। अर्थात्, कांग्रेस पार्टीभित्रै आन्तरिक लोकतन्त्र र लोकतान्त्रिकरणको आवश्यकता छ । र, यसका लागि लोकतान्त्रिक र वैचारिक नेतृत्व आवश्यक छ । विचारले नै कुनै पार्टी र समाजलाई अगाडि जाने बाटो देखाउँछ । लोकतान्त्रिक विचार र आचरण नभएको नेतृत्वले न पार्टीलाई रूपान्तरण गर्न सक्छ न देशलाई नै ।

**लोकतन्त्रका निमित्त थकानरहित लडाइँ**

प्रथम राष्ट्रपति निर्वाचन प्रसङ्गमा मेरो नाम अघि सारिँदा मैले गिरिजाबाबुसँग भनें, 'देशमा लोकतन्त्र अझै सुरक्षित हुन सकेको छैन । लोकतन्त्रको लडाई बाँकी नै देख्छु ।

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
पढाइमा गुरूजनको मार्गदर्शन उपयोगी हुनेछ । सहपाठीहरु पछि पर्नेछन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
विशेष अवसर अथवा रमाइलो परिस्थितिका बीच पनि सानो चिन्ताले पिरोल्न सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन्। बलजफ्तीको व्यवहारले समस्या निम्त्याउन सक्छ

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला । सामान्य कामलाई सञ्चित रकम खर्च हुनेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ । सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ । अरूको करकापमा काम गर्न बाध्य भइनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
आर्थिक कारोबारतर्फ लाभ मिल्नेछ। आलोचकहरूबाट पनि केही सजग रहनुपर्ला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। अवसर मिले पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

# कांग्रेसको अबको बाटो- ..............

त्यसैले म त्यो लडाई मैदानमै रहेर लड्न चाहन्छु ।' नभन्दै त्यो बेलाको मेरो अन्दाज आज सही सावित भयो। लोकतन्त्रकै लागि हामीले अहिले पनि लड्नु परेको छ । त्यो लडाइँ मैले तनहुँको बुल्दीपूल उद्घाटन काण्डदेखि लडिरहेको छु। अधिनायकवादी सोचले अघि बढेको सरकारविरूद्ध बुल्दी पुलबाट सुरू भएको लडाइँ कानुनी मैदानमा पुगेर सकिएको छ । तर, यस्ता लडाई फेरि पनि लड्नु नपर्ला भन्नसक्ने अवस्था देखिँदैन । अमेरिकी लोकतन्त्रको दुई सय वर्षको ईतिहासमा कहिल्यै नभएका कुराहरु लोकतान्त्रिक तरिकाले निर्वाचित राष्ट्रपति डोनल्ड ट्रम्पले देखाए । सत्ता पाएपछि मरिगए पनि छोड्नै नचाहने जुन प्रवृत्ति उनले देखाए, त्यो प्रवृत्ति अहिले नेपालमा पनि देखिइराखेको छ । आफ्नै पार्टीको बहुमत भएको संसद दुई–दुई पटक भंग गरेर केपी ओलीले जुन अधिनायकवादी चरित्र देखाए, त्यसविरूद्ध यहाँसम्म लड्नुपर्‍यो ।

संसद् जोगिएर एउटा खड्को टरे पनि लोकतन्त्रमाथिको संकट अझै टरेको छैन । महत्वाकांक्षीहरूबाट लोकतन्त्र जोगाउन मैले आफ्नै पार्टीभित्र पनि अथक संघर्ष गर्नु परिरहेको छ । जति भोग गरे पनि तृप्त नहुने नेतृत्वको पदलिप्सा, सामदाम–दण्डभेद नीति अपनाएर आफ्नो सत्ता अकण्टक राख्ने प्रवृत्ति र नीतिभन्दा पनि नेतालाई महत्व दिने कार्यकर्ताको बानी व्यवहार लोकतन्त्रका लागि समस्या बनेका छन्। राम्रो काम गरेर ख्याति कमाउन नसक्ने, तिक्डमको भरमा सधै सत्तामा हावी भैरहनुपर्ने प्रवृत्ति घोर अलोकतान्त्रिक चरित्र हो । तेश्रो विश्वका मुलुकहरु यस्तै म्याकियावेलियन प्रवृत्तिबाट आक्रान्त छन्। मैले चाहेको प्रवृत्ति परिवर्तन भनेको यो प्रवृत्तिलाई परास्त गर्नु हो । मेरो लडाई यही प्रवृत्तिविरूद्ध छ । संविधानसभाबाट निर्माण गरिएको संविधान र बहुलवादमा आधारित संसदीय लोकतन्त्र र संघीय गणतन्त्रलाई अनेकतिरबाट प्रहार गर्ने प्रयत्न भइरहेका छन् । फेरि पनि लोकतन्त्र रक्षाका खातिर संघर्षको विकल्प छैन । उमेरले अनुमति दिन्न कि भनेर विश्राम लिने अवसर मिलेकै छैन । आफ्नै करङ्ग भाँच्चिने गरी प्रतिगमन विरूद्ध होमिनुपर्ने कर्तव्यको बाध्यता कायमै छ ।

### महाधिवेशनको जिम्मेवारी

विषम परिस्थितिबीच हुन लागेको नेपाली कांग्रेसको १४औं महाधिवेशनमा देश र जनताको उज्ज्वल भविष्य निर्माण गर्ने महाधिवेशन बन्नु पर्छ। यो महाधिवेशन पार्टीको आन्तरिक लोकतन्त्र मात्र नभएर समग्र राष्ट्रमा लोकतान्त्रिक संस्कृति निर्माण गर्ने अवसर र थलो हुनु आवश्यक छ । माथिका विषयहरु निश्चय पनि महाधिवेशनअन्तर्गतका प्रक्रियामा सहभागी भइरहेका पार्टीका कार्यकर्ताका लागि सोचनीय विषय हुन् । त्यतिमात्र होइन, गुटहरूमा विभाजित कार्यकर्ताले नेताको मात्रै माया गर्ने कि पार्टीको माया गर्ने ? पार्टीको मात्रै माया गर्ने कि लोकतन्त्रको माया गर्ने, देशको माया गर्ने ? यी प्रश्न पनि गम्भीर छन् ।

कोरोना महामारी नसकिँदै हामी १४ औं महाधिवेशन गर्न बाध्य छौं । यो नेतृत्वले थोपरेको बाध्यता हो । मैले गत ०७५ मंसिरको महासमितिमै कांग्रेसको सुनौलो भविष्यका लागि महाधिवेशन मात्र होइन पार्टीलाई जीवन्त गराउने क्यालेण्डर बनाऔं र त्यसभित्र रहेर सबै काम सम्पन्न गरौं भनेको थिएँ । त्यो कुरालाई नमानेर महाधिवेशनलाई धकेल्दै धकेल्दै ल्याएर यस्तो असहज अवस्थामा पुर्‍याइएको छ । कुनै देशको भविष्य त्यो देशको राजनीतिक सिद्धान्त, प्रणाली र आचरणले निर्धारण गर्दछ । हामी लोकतान्त्रिक समाजवादी सिद्धान्तमा विश्वास राख्ने मानिस हौं । सरकार मात्र होइन हाम्रो पार्टी पनि यही सिद्धान्तबाट निर्देशित हुनु पर्दछ। हाम्रा नीतिमा मात्र लोकतान्त्रिक समाजवाद लेखेर लोकतान्त्रिक र समाजवादी हुँदैन हाम्रा नीति निर्माण प्रक्रिया, हाम्रा आचरण र व्यवहार पनि लोकतान्त्रिक र समाजवादी आदर्श अनुरूप हुनुपर्दछ । तर, हाम्रो पार्टीमा लोकतान्त्रिक पद्दतीको क्षयीकरण भैराखेको महसुस हुन्छ । पार्टीको विधान अनुरूप पार्टी नचल्ने, राम्रालाई भन्दा हाम्रालाई मौका दिने जस्ता कुराले पार्टीको साख गिराएको छ ।

लोकतन्त्रको जीवनाधार र गतिशीलताको आधार जनचाहना र जनमतको अभिव्यक्तिको आधार आवधिक निर्वाचन हो । यसमा कुनै हेलचक्राई हुनु हुँदैन । 'कम्युनिष्ट फुटे हाम्रो फलिफाप हुनेछ' भन्ने सोचाई नादान हो । कांग्रेस आफ्नै दुरदर्शी दृष्टिकोण, खदिलो विचार शक्ति, संगठन कौशल र निष्ठाको बलमा राष्ट्र र जनताको सेवा गरेर सम्पूर्ण नेपालीलाई आकर्षित गर्ने पार्टी बन्नु पर्छ। कठोर परिश्रम तथा नैतिक र चारीत्रिक शक्तिको बलमा बहुसंख्यक मतदाताले सहजै पत्याइएको पार्टी बन्नु पर्छ । आफ्ना आदर्श र सिद्धान्त पूरा गर्न कांग्रेसलाई सुदृढ र एकताबद्ध पार्टीपंति आवश्यक पर्छ । भाग्यमा भरपर्ने हैन कर्ममा विश्वास गर्ने कर्मशील कांग्रेस मेरो विश्वास हो । मेहनतको फल सारगर्भित हुन्छ, सर्वजन हिताय हुन्छ। लोकतन्त्र बचाउन, राष्ट्र जोगाउन र राष्ट्रको सर्वतोमुखी उन्नति गर्न कर्मशील कांग्रेस चाहिन्छ । कांग्रेसको लोकतान्त्रीकरण हुनु पर्छ । जनताको भरोसाको केन्द्र बन्ने गरी पार्टी सुदृढीकरण हुनुपर्छ । पार्टी सुदृढीकरणको निमित्त निम्न कार्य गरिनु पर्दछ :

**पार्टी सुदृढीकरणका लागि के गर्ने ?**

- अधिवेशनको मुखमा लगेर कृयाशील सदस्यता वितरण गर्ने परिपार्टी अन्तगरी सुरूदेखि नै कृयाशील नवीकरण र वितरण कायम राखेर कार्यकाल पूरा हुने एक वर्षअगावै वितरण बन्द गर्ने ।
- भ्रातृसंस्था र पार्टी निकायका अधिवेशन तोकिएकै समयमा गराउने । तोकिएकै समयभित्र विभाग, प्रतिष्ठान गठन गर्ने र सबै निकाय दुरूस्त राख्ने ।
- संगठनका सदस्यहरुलाई सैद्धान्तिक, व्यवहारिक र नीतिगत तालिममा निरन्तरता प्रदानगर्ने तालिमको लागि पूर्ण व्यवसायिक टिमको निर्माण गर्ने ।
- कार्यकर्ताको ज्ञान वृद्धिका लागि विभिन्न क्षेत्रमा अवलोकन भ्रमण गराउने । प्राविधिक ज्ञान तथा अनुभवबाट गर्न सक्ने व्यवसायका लागि आर्थिक तथा कानुनी प्रबन्ध मिलाउने ।
- न्याय, निष्पक्षता, पारदर्शी मूल्यांकनको परिपाटी अवलम्बन गर्ने । यो नै पार्टी एकताका मूल आधार हो ।
- विधि–पद्दति र अनुशासनमा तलदेखि माथिसम्म, माथिदेखि तलसम्म सबै बाँधियौं भने पार्टी एकता मजबूत हुन्छ ।
- पुराना निष्ठावान कार्यकर्ताको हितमा आँच नपुग्ने गरी नवप्रवेसीहरूको स्वागत गरिनु पर्दछ पार्टीमा सबैलाई सहभागिता र सहस्वामित्वको अनुभूति दिलाउने व्यवहार र आचारण गरिनु पर्दछ।
- राजनीतिलाई स्वच्छ र स्वस्थ पार्न पार्टी भित्र र बाहिर वैचारिक बहस चलाउने ।

**देश र जनताका लागि के गर्ने?**

- 'लोकतन्त्र बचाऊँ, भ्रष्टाचार भगाऊँ' अभियान चलाउने ।
- जहाँ रोजगारी त्यही बसोवास, जहाँ बसोवास त्यही रोजगारीको नीति कार्यान्वयन गर्ने ।
- हिमाल, पहाड, तराईमा स्वस्थ्य र सुरक्षित बस्ती निर्माण गर्ने ।
- लोकतन्त्र साकार पार्न निमुखालाई न्याय विपन्नलाई आय कार्य रूपमा ल्याउने ।
- सबै नागरिक शिपवान र शिलवान बनाउने शिक्षा नीति ।
- सबैलाई स्वस्थ जीवन र दीर्घजीवन दिने स्वास्थ्य नीति ।
- यी कुरा सबैका लागि सहज र सरल तुल्याउन कांग्रेसको उपस्थिति ।
- नेपालको वास्तविकतामा आधारित प्रकृतिमैत्री विकास नीति ।
- नेपालको परम्परागत धर्म र संस्कृति नेपालीको पहिचान जोगाउने साँस्कृतिक नवोन्नति
- नेपालीको सुखी जीवन, खुशी जीवन स्वच्छ सफा पर्यावरण ।
- अति दलबन्दीबाट देशलाई मुक्त गर्ने। आम अदना जनताको अधिकार अकुन्ठित बनाउने ।

नेपाली कांग्रेस र नेपाली समाजको लोकतान्त्रिकरण गर्दै नेपाली संस्कृति, संस्कार र नेपाल राज्यको भविष्यको पुन:संरचनाका लागि मैले अघि सारेका दश सूत्र :

१. वर्तमान संविधानलाई निष्ठापूर्वक कार्यान्वयनमा ल्याऔं । समावेशी नेपाल साकार पारौं ।
२. कांग्रेसजनले पार्टी विधानको मर्यादामा रहेर न्याय, निष्पक्षता र पारदर्शी मूल्यांकनसहित आन्तरिक लोकतन्त्र र पार्टी एकता मजबुत पारौं ।
३. विकृति, विसंगती र भ्रष्टाचारलाई तह लगाउँदै देशमा समृद्धि र सुशासन कायम गरौं ।
४. राजनीतिलाई सम्मानित क्षेत्र बनाउन सिद्धान्त र विचारको बहसलाई अघि बढाउँ । राजनीतिमा निष्ठा र नैतिकता स्थापित गर्न संघर्ष गरौं ।
५. आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपले पछि पारिएका महिला, दलित, जनजाति र मधेसी तथा विपन्न जनता केन्द्रित नीति र कार्यक्रम अघि सार्दै कांग्रेसलाई 'ऱ्याडिकल सेन्टर' बाटोमा हिँडाउने।
६. निमुखालाई न्याय, विपन्नलाई आय हाम्रो मूल ध्येय हो । राज्यको सम्पति र स्रोतमाथि एउटै वर्ग र तप्काको मात्रै हालिमुहाली भएमा त्यो लोकतन्त्र हुनसक्दैन। स्रोत र अवसरको असमान वितरणले अन्तत: लोकतन्त्रलाई नै धरापमा पार्छ। मानिसलाई विशुद्ध मानिसको रूपमा हेर्ने सहानुभूतिशील दृष्टिकोण हाम्रो समाजवाद हो । स्वच्छन्दतावादी पुँजीवाद र एकमार्गी साम्यवाद दुवैबाट पृथक छ लोकतान्त्रिक समाजवाद । पहिले सबै बाँचौं अनि प्रतिस्पर्धा गरौं । राज्य अदना जनताप्रतिको जिम्मेवारीबाट पन्छिन सक्दैन । तर, जतसुकै हस्तक्षेप पनि गर्दैन।
७. विधिको शासन, समयवद्ध कार्यसम्पादन, चिन्तन र कर्मको संयोजन कर्मशील कांग्रेसको नारा हो। सैद्धिान्तिक स्पष्टता र आक्रामक प्रस्तुति तन्नेरी कांगेसको निश्छल चरित्र हुनुपर्छ । कसैका एजेन्जा बोक्न पर्दैन, आफ्ना एजेण्डा छोड्न पर्दैन । सात सालदेखि समान्तविरोधी एजेन्डा बोकेको कांग्रेस जसले २०१५ सालमा दुईतिहाई जनमसर्थन प्राप्त गर्‍यो, त्यही लोकतान्त्रिक समाजवादको सैद्धान्तिक आलोकमा कांग्रेसलाई उजिल्याउन अथक प्रयास गरौं ।
८. सबै जनतालाई खान लाउन पुग्ने कृषिक्रान्ति र पर्यटनको विस्तार गरौं। देशलाई समृद्ध पार्न ऊर्जाक्रान्ति र आफ्नै विशेषता र सम्भाव्यता सहितको औद्योगिक क्रान्ति गरौं ।
९. नेपाली विशेषता पहिचान गर्दै देशभक्तिको मर्म छुने, असंलग्नतामा आधारित हाम्रो राष्ट्रवादको विचारलाई अघि बढाऔं ।
१०. कम्युनिष्टले छरेका भ्रम र झुटा आश्वासनबाट नेपाली जनतालाई मुक्त गर्दै नेपाली कांग्रेस विचार शून्य र दिशाहीन छैन भन्ने प्रमाणित गर्दै यसलाई नेपाली जनताको भरोसाको केन्द्र बनाऔं । नेपालप्रेसबाट

(नेपाली कांग्रेस रूपान्तरणका लागि बरिष्ठ नेता पौडेलप्रेषित एजेण्डाको सम्पादित अंश)

# बेलायतमा थप प्रतिबन्धको घोषणा

रासस/सिन्ह्वा/लन्डन

हालै अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन भेटिएपछि बेलायतले थप प्रतिबन्धहरूको घोषणा गरेको छ । प्राप्त समाचारहरूमा बेलायतले अहिलेको भन्दा थप कडा प्रतिबन्धहरूको घोषणा गरेको हो । त्यस्तै बेलायत आउने अरू देशका उडानहरूमा पनि निगरानी गरिएको छ । बेलायत आउने हरेक यात्रुले दुई दिन मात्र यताको स्वास्थ्य रिपोर्ट अनिवार्य रूपमा देखाउनुपर्ने र बेलायत पुगेपछि पनि पिसिआर टेष्ट गरिने छ ।

यसरी गरिएको परीक्षणमा यदि कोरोना भाइरस पोजेटिभ देखिएमा आफै आइसोलेसनमा बस्नुपर्ने र नेगेटिभ रिपोर्ट आएपछि मात्र बाहिर निस्किन पाउने बताइएको छ । हालै अफ्रिकामा देखिएको भनिएको नयाँ भाइरस बेलायतमा देखिएको कुरा यहाँका स्वास्थ्य मन्त्री सजिद जाभिदले शनिबार जानकारी दिनुभएको छ ।

यो भाइरसको संक्रमण देखिएका दुई जनालाई आइसोलेसनमा राखिएको र उनीहरूको थप स्वास्थ्य अनुसन्धान जारी रहेको पनि उहाँले बताउनुभएको छ । बेलायतका प्रधानमन्त्रीले यो भाइरसको प्रभाव अहिलेको भन्दा निकै खतरनाक रहेको भन्दै थप प्रतिबन्धहरूका बारेमा जानकारी दिनुभएको हो ।

उहाँले हाललाई विदेशबाट आउने उडानहरूमा सतर्कता अपनाइने र यात्रुहरूको पिसीआर परीक्षणलाई अनिवार्य गरिने जानकारी दिनुभएको हो । साथै बेलायतमा यात्राका क्रममा तथा सार्वजनिक यातायातमा अनिवार्य रूपमा मास्कको प्रयोग गर्नुपर्ने नियम पनि सार्वजनिक गरिएको बताइएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## परिचयपत्र हराएको सूचना

यही मिति २०७८/०७/१८ गते तनहुँको दमौलीबाट भिमाद हुँदै ऋषिङ गाउँपालिका जाने क्रममा **युद्ध भैरव गण**को निम्न विवरण भएको मेरो **परिचयपत्र** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना र फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध गर्दछौं ।

**नाम** : हु. विष्णु बहादुर थापा **व्यक्तिगत नं.** : २६६७९०
**पल्टनको नाम** : युद्ध भैरव गण, काठमाडौं ।
**ठेगाना** : ऋषिङ गाउँपालिका–३, अर्चल्दी, तनहुँ
**सम्पर्क नं.** : ९८४६८११२६६, ९८०१८४३८२२

सुन चाँदीका गर–गहनाहरू आधुनिक डिजाइनबाट तयार, खरिद बिक्री गरिनुका साथै होलसेल सामानहरू समेत बिक्री गरिने हुँदा हामीलाई सम्झनुहोस ।

प्रो. सरिता/रूपसिह विश्वकर्मा

सजिना सुन चाँदी उद्योग


व्यास–२, सुनचाँदी लाईन, दमौली ।
मो. ९८४६३४६२००, ९८१५१७५२२३


प्रकाश भि.सि.डि. एण्ड मोबाइल सेन्टर
व्यास–२, मिनराज कम्प्लेक्स, दमौली

पूजा बेबी ल्याण्ड एण्ड लेडिज कलेक्शन
व्यास–२, डाङ्ग्रेखोल्सी, दमौली

प्रकाश ढुवानी सेवा, व्यास–२, दमौली, तनहुँ

आधुनिक जाली उद्योग
व्यास–२, शहिदगेट अगाडि

यी सबै सेवाका लागि हामीलाई सम्झनुहोस
प्रो. प्रकाश क्षेत्री (मो. ९८१९१५८८७८)

स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!

मंसिर १८ गते शनिबार

१) काठमाडौ अल्का अस्पतालका वरिष्ठ **बाथ रोग तथा युरिक एसिड रोग विशेषज्ञ डा. अभिलाशा शाहा**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसंग सम्बन्धित विराकीहरूले समस्या समाधानका लागि यथाशिघ्र सम्पर्क राखि सेवा लिनुहुन जानकारी गराइन्छ।

**बाथ रोगका लक्षणहरू :**
१) साना तथा ठुला जोर्नीहरू दुख्ने, सुनिने, कक्रक्क पार्ने ।
२) आरामको समयमा ढाड, जोर्नी बढी दुख्ने ।
३) बिहानको समयमा शरीर अरड्ड हुने ४) मांसपेशी दुख्ने, गल्ने
५) थकाई बढी लाग्ने । ६) बारम्बार गर्भधारण समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढी झर्ने ९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औलाहरू निलो, सेतो हुने ।
११) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१२) कुर्कुच्चा मोल्ने, दुख्ने । १३) मांशपेशी कमजोर हुने ।
१४) लामो समयसम्म ज्वरो आउने ।
१५) खकारमा रातो रगत देखा पर्ने । १६) आँखा बारम्बार रातो हुने

२) पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. निरज के.सी.**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
**रोगका लक्षणहरू :** घाँटी दुख्ने, टन्सिल बढ्ने, दुख्ने, रातो हुने, रूघा लागिरहने, पिनास भई टाउँको दुख्ने, कान पाक्ने, कानमा फोहोर जम्ने, कानको जाली प्वाल पर्ने, कान नसुन्ने आदी ।

(NFC) NAILFOLD CAPILLAROSCOPY TEST
NFC Test एक माइक्रोस्कोपको सहायताबाट कोशिकाहरूको अध्ययन गर्ने प्रक्रीया हो ।
यसको परीक्षण NON INVASIVE PROCEDURE अर्थात चिरफार नगरी जाँचगर्ने प्रकीयाबाट हुन्छ ।
यो जाँच कस्ता विरामीलाई गर्ने र लक्षण
१. चिसोले गर्दा हातका औँलाहरूको रङ्ग परिवर्तन हुने ।
जस्तै: औँलाहरू निलो रङ्गको हुने ।
औँलाहरू पहेंलो रङ्गको हुने ।
औँलाहरू सेतो रङ्गको हुने ।
औँलाहरू रातो रङ्गको हुने ।

२. चिसो हुँदा औँलाहरू चिलाउने, घाउ आउने र सुन्निने ।

३. बिभिन्न बाथरोगका विरामी,Raynauds phenomenon तथा छालाको बाथ (Scleroderma) का विरामीले पनि यो Test (परीक्षण) गर्नु पर्दछ ।

नोट: यो Test मा औँलाका साना साना नसाको MICROSCOPIC पद्दतीबाट जाँच गरिन्छ ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

हाम्रा उपलब्ध सेवाहरू :
१) दैनिक बिरामी जाँच । २) प्याथोलोजी सेवा आधुनिक मेशिनद्वारा रगत तथा दिसा, पिसाव, खकारको परीक्षण ३) अत्याधुनिक मेशिनद्वारा भिडियो एक्स–रे सेवा ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा । ५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्ग, सुचरिङ्ग र प्लास्टर सेवा । ७) गुणस्तरीय फार्मेसी सेवा ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

ढोरवाराही डेण्टल केयरको सुचना

बिगत १८ वर्षदेखि अनवरत रूपमा सेवा दिंदै आएको यस ढोरवाराही डेण्टल केयर सेन्टरमा **दाँत, मुख तथा गिजा** सम्बन्धी कुनै पनि समस्या भएमा सम्पर्क गर्नुहोला । हामी सेवामा हाजिर छौं ।


अध्यक्ष/सञ्चालक : भरत पोखेल
ESTD. 2062 ढोरवाराही डेण्टल केयर सेन्टर
व्यास–४, दमौली, तनहुँ । सम्पर्क : ९८४६०६५१०२, ९८४६४७०४८०
पुनश्च : अफिस समय बिहान ८ देखि बेलुका ६ बजेसम्म ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**फेवातालको डुंङ्गामा पर्यटक :** पोखराको फेवातालमा डुङ्गा शयर तथा तालबाराही मन्दिर दर्शनका लागि आएका आन्तरिक पर्यटकको भिड।
*तस्विर : राधिका कँडेल/रासस*

facebook twitter



**दुर्गा घर्ती**
twitter.com/DrGharti
बुद्ध भन्छन्- लक्ष्यसम्म पुग्न व्यक्ति आफै हिँड्नुपर्छ र आफू नहिँडी लक्ष्यमा पुर्‍याइदिने कुनै चमत्कारी तत्व हुँदैन। पुस्तकको अध्ययन, प्रवचनको श्रवण, विद्वान् व्यक्तिको सङ्गत आदिबाट सही मार्ग जान्न त सकिन्छ, तर त्यस मार्गमा आफूलाई नलगाई गन्तव्यमा पुग्न सकिँदैन ।



**मनुशी**
twitter.com/mannusii
जीवन सागरमा समाहित हुने सदाबहार अधुरो प्रवाहको लक्ष्य जीवन समुन्द्रमा विलीन हुनु हो, पुनः बाष्पीकरण भएर यो चक्र बादल, वर्षा, खोला समुन्द्र मिल्दै जान्छ नयाँ जीवन पुरानो जीवनको अन्त्यको नयाँ रूप हो !!



**भिम महरा**
twitter.com/mahar05555
सुस्तरी सुस्तरी चलीरहेको कतिपय हावा पनि चिसो थिए केही सोच्दै थिए। मनमा अद्भुत खुशीको अनुभूति, पश्चातापको कुरा केही थिएन एक आनन्दमय पल को आभास त्यो मध्यरातमा पूर्णिमाको चन्द्रमाको ऐना पनि हरियाली वसन्त थियो......!!



**करूणा**
twitter.com/karunakcdotel12
मौनताको प्रतिध्वनि धेरै गहिरो हुन्छ हजुर ढुंगा त केनै होर मौनताले मुटुनै चिरिदिन्छ कति कुरा नभनेरनै बुझिन्छ कति कुरा न सोधेरनै जानिन्छ कुनै परिस्थिति यस्तो आउँछ कि के भन्ने र के सोच्ने थाहानै हुन्न...!!

# नेकपा (माओवादी केन्द्र) तनहुँका पालिकामा नयाँ नेतृत्व

**भञ्ज्याङ समाचारदाता/**दमौली

नेकपा (माओवादी केन्द्र)ले तनहुँका सबै पालिकामा एकैसाथ अधिवेशन गरेको छ । जिल्लाका दशवटै पालिकामा माओवादी केन्द्रले एकसाथ अधिवेशन गरी नयाँ नेतृत्व चयन प्रक्रिया अगाडि बढाएको छ । अधिवेशन सम्पन्न भएर केही पालिकामा नेतृत्व चयन भइसकेका छन् भने केही पालिकामा सहमतिको प्रयास भइरहेको छ । भिमाद नगर कमिटीको अध्यक्षमा अमृत सिग्देल चयन भएका छन् । अधिवेशनबाट कमिटीको उपाध्यक्षमा पदमराज सुवेदी, तुलसीप्रसाद सिग्देल, ओमदत्त थापा, सचिवमा दशरथ गैह्रे, सहसचिवमा बोधराज सिग्देल र कोषाध्यक्षमा तममाया थाप चयन भएका छन् ।

ऋषिङ गाउँ कमिटीको अधिवेशनबाट वीरबहादुर थापाको अध्यक्षतामा ५५ सदस्यीय कमिटी र सात सदस्यीय सल्लाहकार कमिटी गठन गरेको माओवादी केन्द्र गण्डकी प्रदेश कमिटी सदस्य मदन आलेले बताए । गाउँकमिटीको उपाध्यक्षमा मधुप्रसाद थापा, शर्मिला अलो, बसन्त सदाशङ्कर, सचिवमा डम्बरबहादुर विक, सहसचिवमा कुशबहादुर थापा र कोषाध्यक्षमा गोपाल रानाभाट चयन भएका छन् ।

यस्तै, म्याग्दे गाउँकमिटीको अधिवेशनबाट दिलबहादुर नेपालीको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको छ । गाउँ कमिटीको उपाध्यक्षमा होमबहादुर आले, जमुना अधिकारी, डण्डमान श्रेष्ठ, सचिवमा बालकृष्ण श्रेष्ठ, सहसचिवमा सोमबहादुर सदाशङ्कर र कोषाध्यक्षमा शुकराम नेपाली चयन भएका छन् ।



घिरिङ गाउँकमिटीको अध्यक्षमा चुननारायण श्रेष्ठ, उपाध्यक्षमा गोविन्दराज काफ्ले, विनु विक, मधु नेपाली, सचिवमा हरिहर अधिकारी, सहसचिवमा ओमबहादुर नेपाली र सहसचिवमा रामजी अर्याल चयन भएका छन् ।

त्यस्तै, शुक्लागण्डकी नगर कमिटीको अध्यक्षमा आकांक्षी धेरै हुँदा अधिवेशन स्थगीत भएको छ। शनिबार दुलेगौँडामा भएको अधिवेशनबाट अध्यक्ष लगायत पदका लागि सहमति हुन नसक्दा प्रविधिक र नीतिगत बिषयले अधिवेशन स्थगित गरिएको नगर कमिटी अध्यक्ष परशुराम भण्डारीले बताए ।

बन्द सत्रले नगर समितिमा रहने ६५ जना सदस्यको टुंगो लागेको भएपनि अध्यक्ष पदमा मनराज गुरूङ, शरण सापकोटा र बिष्णु खत्री तिन जनाले आ-आफ्नो दाबि नछोडेपछी आगामी शनिबारसम्मको लागि अधिवेशन स्थगित भएको भण्डारीले बताए । उनले भने, 'आगामी शनिबार मंसिर १८ गते विहान ११ बजे भित्रसम्म सहमति हुन सके सर्वसम्मत पदाधिकारी चयन हुनेछ, नत्र भने मतदान हुनेछ ।'

अध्यक्षमा दाबि गरेका गुरूङ हाल नगर समिति सचिब तथा शुक्लागण्डकी नगरपालिका-१२ का वडाध्यक्ष हुन् । सापकोटा वाईसियल तनहुँका इन्चार्ज रहेका छन् भने खत्री नेकपा (माओबादी केन्द्र) जिल्ला समन्वय समितिका सचिवालय सदस्य हुन ।

कमिटीको उपाध्यक्षमा रामचन्द्र भण्डारी, चेतनारायण पौडेल, बुद्धिबहादुर खत्री, जौमाया बराल सुनार र राजु रानाले उम्मेद्वारी दिएका छन् । यसै गरी सचिवमा जस्वन पोख्रेल र अनिल तिवारी, सह सचिवमा अनिष ढकाल, सुमन आले, विनोद पौडेल, मिलन महत र कोषध्यक्षमा पहलसिं विक, झ्यामकुमारी थापाले उम्मेद्ववारी दिएको बताए । भण्डारीका अनुसार उपाध्यक्ष पदमा एक महिला सहित २ जना रहने छन् भने बाँकी पदमा एक/एक जना सदस्य निर्वाचित हुने छन् ।

माओवादी केन्द्रले यसअघि टोल, सेल कमिटीका भेला हुँदै वडा तहका अधिवेशन सम्पन्न गरिसकेको छ। लामो समयपछि आन्तरिक प्रतिस्पर्धालाई आत्मसात गरेको सो पार्टीका सम्मेलन तथा अधिवेशनले नेता, कार्यकर्तामा उत्साह जगाएको छ । वडा, स्थानीय तह, प्रदेश हुँदै राष्ट्रिय सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ । प्रदेश तहको अधिवेशन यही मंसिर २५ गतेलाई तोकिएको छ । आउँदो पुस ११ देखि १३ गतेसम्म काठमाडौँमा राष्ट्रिय सम्मेलन हुँदैछ।

# तनहुँमा चितुवा आतंक .......

सुरेश भुजेलले बताए । उनले भने, 'स्थानीयलाई साँझविहान सचेत भएर हिड्न र बालबालिकालाई एक्लै नछोड्न आग्रह गरिएको छ ।' यो वर्षको दशै-तिहारको समयमा चितुवाले ५ वटा घरपालुवा जनवारलाई आक्रमण गरेको उनले बताए । जिल्लाका वन क्षेत्रमा आवश्यकभन्दा बढि चितुवाको संख्या रहेको आशंक गरिएको र सम्पुर्ण जिल्लाबासिलाई सचेत रहन डिभिजन वन कार्यालय तनहुँले अनुरोध गरेका छ ।

**वन्यजन्तुलाई वनमै पोखरी**

मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरणका लागि डिभिजन वन कार्यालय तनहुँले जिल्लाका सामुदायिक वन क्षेत्रमा १७ वटा पोखरी निर्माण गरेको छ । वन्यजन्तुलाई वनमै पानीको व्यवस्थापन गर्ने उद्देश्यले जिल्लाको भानुमा १२, देवघाट गाउँपालिकामा एक, बन्दीपुर र म्याग्दे गाउँपालिकामा २/२ वटा पोखरी बनाइएको छ । यसका लागि कार्यालयले १४ लाख ५० हजार रूपैयाँ खर्च गरेको छ ।

'पानी र आहाराको खोजीमा वन्यजन्तु विशेष गरी चितुवा मानव बस्तीमा आएर आक्रमण गरी ज्यानै लिन थालेपछि यसको न्यूनीकरणका लागि पोखरी निर्माण गरिएको हो', डिभिजन वन अधिकृत काफ्लेले भने, 'वनमै पोखरी बनेपछि मृग, हरिण, चितुवा, खरायो, चराचुरूंगी लगायतलाई पानी र आहाराको पनि व्यवस्थापन हुन्छ ।' 'वनमै पोखरी निर्माण गर्दा मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरणका लागि मात्रै नभई पर्यावरणीय हिसाबले पनि महत्त्वपूर्ण छ,' उनले भने, 'पोखरीमा अन्य वन्यजन्तुजस्तै चराचुरूंगी पनि आउँछन् । चराले बिस्ट्याउँदा त्यस ठाउँमा फलफूलका बिरूवा उम्रन्छन् ।'

**चितुवा समात्न पराम्परागत काठको खोर**

जिल्लामा चितुवा आतंक बढ्दै गएपछि रोकथामका लागि प्रभावित क्षेत्रमा पराम्परागत काठको खोर निर्माण गरिएको थियो । काठको खोरमा थापिएको पासोमा पारेर ११ वटा चितुवा नियन्त्रणमा लिई अन्यत्र पठाइएको थियो । चितुवा नियन्त्रणका लागि भानुमा १२, आँबुखैरेनीमा ४, बन्दीपुर र शुक्लागण्डकीमा एक/एक वटा काठको परम्परागत खोरको पासो थापिएका थिए । विशेषगरी वनजंगल वरपरका मानव बस्तीमा चितुवा आएर आक्रमण गर्ने हुँदा घर छेउछाउमा झाडी पन्छाउन, घरअगाडि र करेसामा खेतीपाती गर्न कार्यालयले आग्रह गरेको छ।

**चितुवाको आक्रमणमा परेकालाई राहत**

चितुवाको आक्रमणबाट घाइतेको अवस्था हेरी २० हजारदेखि २ लाख रूपैयाँसम्म क्षतिपूर्तिस्वरूप राहत रकम उपलब्ध गराउने कार्यालयले जनाएको छ। यस्तै, चितुवाको आक्रमणबाट ज्यान गुमाएका परिवारको सदस्यलाई राहत स्वारूप १० लाख रूपैयाँ सरकारले उपलब्ध गराउने गरेको डिभिजन वन कार्यालयका प्रशासन शाखा अधिकृत पुष्प खनालले बताएरू। चितुवाको आक्रमणबाट मृत्यु भएकालाई हालसम्म १ करोड १५ लाख बढि रकम हस्तान्तरण भएको उनले जनाए।

# चार महिनामा ९२ फरार प्रतिवादी पक्राउ

**भञ्ज्याङ समाचारदाता/**दमौली

चालु आर्थिक वर्ष ०७८/७९ को चार महिनाको अवधिमा तनहुँमा ९२ फरार प्रतिवादी पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयले साउनदेखि कात्तिकसम्म जिल्ला अदालतबाट विभिन्न मुद्दामा सजाय तोकिएर फरार रहेका ९२ फरार प्रतिवादी पक्राउ गरेको हो । पक्राउ पर्नेमध्ये ८० पुरूष र १२ महिला रहेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । पक्राउ परेकालाई ७३ वर्ष आठ महिना २९ दिन कैद भुक्तानका लागि कारागार चलान गरिनाका साथै उनीहरूबाट रू २८ लाख ८३ हजार ३५५ जरिवाना असुल गरिएको छ। प्रहरीले यसअवधिमा विसं २०२५ वैशाख १४ गते फैसला भई हालसम्म फरार रहेका एक प्रतिवादीलाई २६ वर्षपछि पक्राउ गरेको थियो । फरार प्रतिवादी पक्राउ अभियान विगत दुई वर्षदेखि सञ्चालित छ ।

प्रहरी कार्यालयमा चालु आर्थिक वर्षको चार महिनामा १५४ मुद्दा दर्ता भएकामा ५२ मुद्दा फछ्र्योट भएको र १०२ मुद्दा फछ्र्योट हुन बाँकी छ । प्रहरीले यसअवधिमा विभिन्न मुद्दाका ८९ जनालाई पक्राउ गरेकामा एक जना फरार छ । पक्रिएकामध्ये २४ जना पुर्पक्षका लागि थुनामा गएको प्रहरीले जनाएको छ । चार महिनाकै अवधिमा ११ जनालाई लागुऔषधसहित पक्राउ परेका र उनीहरूबाट ११४ थान डाइजेपाम, ११४ थान फेनरागन, ११३ थान नुफिन र १० किलो ८५५ ग्राम गाजा बरामद भएको छ । प्रहरीले सोही अवधिमा १५५ रोपनी क्षेत्रफलमा उम्रिएका २२ हजार ३०७ गाजाका बोट नष्ट गरेको जनाएको छ । पाँच वटा जुवा मुद्दामा ६८ जनालाई पक्राउ गरी रू ११ लाख ७५ हजार ९१० नगद बरामद गरेको प्रहरीले कोरोना भाइरस नियन्त्रणका लागि तपाईको मास्क खै अभियानअन्तर्गत ४७ वटा कार्यक्रममार्फत नौ हजार ५३५ लाई मास्क वितरण गरेको थियो। अवैध नदीजन्य पदार्थ नियन्त्रणतर्फ चार महिनाको अवधिमा एक डोजर, दुई स्काभेटर, दुई जेसिबी, दश टिपर र ३७ ट्र्याक्टर गरी ५२ वटा सवारी साधनलाई नियन्त्रणमा लिएर रू चार लाख ७६ हजार ५०० जरिवाना असुल गरिएको पनि बताइएको थियो ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४